संघीय संसद
प्रतिनिधि सभा, २०७९
तेस्रो अधिवेशन
बैठक संख्या - ११

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल चैत १ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेसका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले माननीय श्री बद्री प्रसाद पाण्डेलाई समय दिनुहुँदा उहाँले नागरिकको चाहना अनुसार सुशासनको प्रत्याभुति गराउन, भ्रष्टाचार अन्त्य गर्न सरकारले आवश्यक कदम उठाउनु पर्ने, अनुसन्धानको दायरामा रहेका व्यक्ति नै गृह मन्त्री हुनुले अनुसन्धान प्रभावित हुने भएकोले यस सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीले सदनमा जवाफ दिनु पर्ने लागायतका विषयहरुमा आफ्नो भनाई राख्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले सदनमा उठिरहेका विषयहरु प्रति आफ्नो ध्यानाकर्षण भएको र सरकारले पनि तदनुरुप नै लिने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विनिता कुमारी सिंह
५. मा० श्री श्याम कुमार घिमिरे
६. मा० श्री शान्ती वि.क.
७. मा० श्री शान्ती श्रेष्ठ
८. मा० श्री शिव नेपाली
९. मा० श्री शिशिर खनाल
१०. मा० श्री शोभा ज्ञावली
११. मा० श्री शंकर भण्डारी
१२. मा० श्री सपना राज भण्डारी
१३. मा० श्री सरस्वती बजिमय
१४. मा० श्री सरस्वती सुब्बा
१५. मा० श्री सराज अहमद फारुकी
१६. मा० श्री सरिता भुसाल
१७. मा० डा० स्वर्णिम वाग्ले
१८. मा० श्री सान्ती चौधरी
१९. मा० श्री सिता कुमारी राना
२०. मा० श्री सिता मिजार
२१. मा० श्री सुनिता बराल
२२. मा० श्री सुशीला श्रेष्ठ
२३. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२४. मा० श्री सूर्य प्रसाद ढकाल
२५. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२६. मा० श्री सोबिता गौतम
२७. मा० श्री हर्कमाया विश्वकर्मा
२८. मा० श्री हरि ढकाल
२९. मा० श्री हितराज पाण्डे
३०. मा० श्री हेमराज राई
३१. मा० श्री ज्ञान बहादुर शाही
३२. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३३. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात् प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री रामकृष्ण यादव
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री अमन लाल मोदी
४. मा० डा० चन्दा कार्की (भण्डारी)
५. मा० श्री अनिशा नेपाली
६. मा० श्री प्रदिप यादव
७. मा० श्री अम्मर बहादुर थापा
८. मा० श्री अब्दुल खांन
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री अरुण कुमार चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री प्रभु साह
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री नागिना यादव
१५. मा० श्री दामोदर पौडेल वैरागी
१६. मा० श्री ईश्वरी देवी न्यौपाने

तदुपरान्त सम्माननीय सभामुखले "संघीय निजामति सेवा विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात् उक्त विधेयक प्रस्तुतकर्ता माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री भानुभक्त जोशीले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनु भयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने माननीय श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

त्यसपछि उक्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री भानुभक्त जोशीले "संघीय निजामति सेवा विधेयक, २०८०" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री भानुभक्त जोशीले "निर्माणमुखि सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० माथि विचार गरियोस्" भनी प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त "निर्माणमुखि सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलको क्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नु भएको प्रश्नहरुको माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री भानुभक्त जोशीले जवाफ दिनुभयो:-

१. मा० श्री रघुजी पन्त
२. मा० श्री दामोदर पौडेल वैरागी
३. मा० डा० चन्दा कार्की (भण्डारी)
४. मा० श्री बासुदेव घिमिरे
५. मा० श्री लेखनाथ दाहाल
६. मा० श्री प्रदिप पौडेल
७. मा० श्री शिशिर खनाल
८. मा० श्री अब्दुल खांन
९. मा० श्री निशा डागी
१०. मा० श्री सूर्य प्रसाद ढकाल
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री गणेश पराजुली
१३. मा० श्री शिव नेपाली
१४. मा० श्री मनिष झा
१५. मा० श्री विनिता कठायत
१६. मा० श्री बद्रि प्रसाद पाण्डे
१७. मा० श्री संजय कुमार गौतम
१८. मा० श्री माधव सापकोटा
१९. माा० डा० तोसिमा कार्की
२०. मा० श्री सोबिता गौतम

त्यसपछि सम्माननीय सभामुखले "निर्माणमुखि सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात् प्रारम्भ भएको आ.व. २०८१/०८२ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा निम्न लिखित माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. मा० श्री प्रदिप पौडेल
२. मा० श्री विष्णुप्रसाद पौडेल
३. मा० श्री जनार्दन शर्मा
४. मा० डा० स्वर्णिम वाग्ले
५. मा० श्री ज्ञानबहादुर शाही
६. मा० श्री रेखा यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री अब्दुल खांन
९. मा० श्री श्याम कुमार घिमिरे
१०. मा० श्री अमृतलाल राजवंशी
११. मा० श्री चित्र बहादुर के.सी.
१२. मा० श्री गंगा कार्की
१३. मा० श्री कान्तिका सेजुवाल
१४. मा० श्री बासुदेव घिमिरे
१५. मा० श्री लेखनाथ दाहाल
१६. मा० श्री किरण कुमार साह
१७. मा० श्री उर्मिला माझी
१८. मा० श्री अम्मरबहादुर रायमाझी

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८१/०८२ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल चैत २ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ६:१० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव